दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

| | |
|---|---|
| **बर्ष : ४** | **प्रमाणीकरण मिति : २०७७/०७/२९** |
| **संख्या : १७** | **प्रकाशन मिति : २०७७/०८/१५** |


## भाग : ३

## २०७७ सालको कार्यविधि संख्या : ९

## दमक कोभिड १९ अस्पताल संचालन कार्यबिधी, २०७७

**प्रस्तावना :** बिश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) बाट संक्रमित भई बिरामी भएका व्यक्तिहरुलाई गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्न दमक नगरपालिकामा एक विशेष अस्पतालको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले दमक नगरपालिकाले यो कार्यबिधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** १) यो कार्यबिधिको नाम दमक नगरपालिकाको **"दमक कोभिड १९ अस्पताल संचालन कार्यबिधी, २०७७"** रहेको छ ।

२) यो कार्यबिधि दमक नगरपालिका कार्यपालिकाबाट पारित भए पश्चात लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :

क) **"प्रमुख"** भन्नाले नगरपालिका प्रमुख सम्झनु पर्छ ।

ख) **"उप प्रमुख"** भन्नाले नगरपालिका उपप्रमुख सम्झनु पर्छ ।

ग) **"नगरपालिका"** भन्नाले दमक नगरपालिका सम्झनु पर्छ ।

घ) **"कार्यपालिका"** भन्नाले दमक नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

च) **"नगरपालिका क्षेत्र"** भन्नाले दमक नगरपालिकाको भू-भाग सम्झनु पर्छ ।

छ) **"कार्यविधि"** भन्नाले यस दमक नगर कार्यपालिकाले कोभिड अस्पताल संचालन गर्नका लागि जारी गर्ने कार्यविधि सम्झनु पर्छ ।

ज) **"संघीय जनस्वास्थ्य ऐन"** भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनु पर्छ ।

झ) **"व्यवस्थापन समिति"** भन्नाले दमक कोभिड १९ अस्पताल संचालनका लागि बनेको समिति सम्झनु पर्छ ।

ञ) **"स्वास्थ्य संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारी रुपमा संचालित स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

ट) **“शाखा”** भन्नाले कार्यपालिकाको स्वास्थ्य तथा सरसफाई सम्बन्धी शाखा सम्झनु पर्छ ।

ठ) **“चिकित्सक तथा स्वास्थ्यकर्मी**” भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषद्बाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ ।

ड) **“बिरामी”** भन्नाले अस्पतालमा भर्ना भएका कोभिड १९ निदान भएका संक्रमितहरु सम्झनु पर्छ ।

## परिच्छेद–२

## अस्पताल ब्यबस्थापन

३. **अस्पताल स्थापना हुने :** १) कोभिड १९ भनि निदान भई संक्रमित भएका बिरामीहरुलाई छुट्टै राखी गुणस्तरीय उपचार सेवा प्रदान गर्न अस्थायी प्रकृतिको दमक कोभिड १९ उपचार केन्द्र स्थापना हुनेछ ।

२) उपदफा (१) बमोजिम स्थापना भएको उपचार केन्द्रमा न्युनतम ४ शैयाको एच.डी.यु.कक्ष सहित कुल ३० शैयाको संरचना रहने छ ।

३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि बिरामीको चाप महामारीको अबस्था उपचार केन्द्रमा उपलब्ध जनशक्ति संचालन खर्चको ब्यवस्था तथा उपचार केन्द्र रहेको स्थानको भौतिक अबस्था समेतको बिश्लेषण गरी समितिले आबश्यक मात्रामा शैया संख्या थप गर्न सिफारिस गर्न सक्नेछ ।

४. **अस्पतालको ब्यबस्थापकीय जिम्मेवारी :** १) दमक नगरपालिकाको ब्यबस्थापनमा यस उपचार केन्द्रको सेवा संचालन दमक अस्पताल मातहतमा हुनेछ ।

२) उपदफा (१) को प्रयोजनका लागि आर्थिक प्रशासनिक तथा जिन्सी ब्यबस्थापन कार्यको संयोजन गरी उपचार केन्द्रको समग्र ब्यबस्थापन र संचालनका लागि नगरपालिकाले एक जना कर्मचारी तोक्नु पर्ने छ ।

३) उपदफा (१) को प्रयोजनका लागि उपचार केन्द्रमा खटिएका प्राबिधिक जनशक्तिको परिचालन र संयोजनका लागि दमक अस्पतालले एक जना कर्मचारी तोक्नु पर्ने छ ।

## परिच्छेद–३

## जनशक्ति ब्यबस्थापन

५. **जनशक्ति ब्यबस्थापन र सेवा सुबिधा** : १) उपचार केन्द्रमा आबश्यक जनशक्तिको ब्यबस्थापन दमक नगरपालिका र दमक अस्पतालबाट गरिनेछ।

२) उपदफा (१) बमोजिम उपचार केन्द्रमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको प्रचलित कानून बमोजिमको तलब तथा अन्य सुबिधा दमक नगरपालिकाले उपलब्ध गराउने छ ।

३) अस्पतालमा उपदफा (१) बमोजिम दमक नगरपालिका र दमक अस्पतालबाट खटाइएका जनशक्तिका अतिरिक्त थप जनशक्ति आबश्यक पर्ने भएमा नगरपालिका भित्रका अन्य अस्पतालसँग समन्वय गरी कर्मचारीहरु माग गर्ने र उक्त कर्मचारीहरुलाई खाइपाइ आएको तलब सम्बन्धित संस्थाबाटै भुक्तानिको ब्यबस्था मिलाई अन्य सेवा सुबिधाहरु अरु कर्मचारीहरु सरह नगरपालिकाले ब्यस्थापन गर्नेछ ।

४) उपचार केन्द्रमा खटिएका सम्पूर्ण स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई क्वारेन्टाइनमा बस्ने र  खानाको ब्यबस्था गरिने छ । घरबाटै आवत जावत गरेमा दैनिक खाना र खाजा खर्च बापत रकम  रु. ३००/- उपलब्ध गराइने छ । रात्रिकाली समयमा डिउटी गर्ने कर्मचारीहरुलाई खाना र खाजा बापत रु. ४००/- उपलब्ध गराइने छ ।

५) उपचार केन्द्रमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरु कोभिड १९ बाट संक्रमित भई बिरामी परेमा दमक नगरपालिकाले उपचार गराउने छ ।

६) उपचार केन्दमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको कोभिड १९ को संक्रमणका कारण मृत्यु भएमा दमक नगरपालिकाबाट रु. १० लाख रकम बराबरको वीमा गराईनेछ ।

७) प्रचलित नियम बमोजिम प्राप्त हुने सेवा सुबिधा अतिरिक्त उपचार केन्द्रमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीको मनोवल उच्च राख्ने अभिप्रायले दमक नगरपालिकाबाट पाउने सुविधा **अनुसूची-१** मा उल्लेख भए बमोजिम हुनेछ ।

**६. सेवा शुल्क :** १) उपचार केन्द्रमा भर्ना शुल्क, चिकित्सकको शुल्क लाग्ने छैन ।

२) अक्सिजन दिनु परेमा प्रति घण्टा रु. ५०/- वा प्रतिदिन रु. ८००/- शुल्क लाग्नेछ । वेड चार्ज, खाना र नेपाल सरकारले निःशुल्क भनि तोकेको औषधी सबै निःशुल्क उपलब्ध गराइने छ ।

३) विरामीलाई दमक अस्पतालमा हुने प्रयोगशाला परीक्षण शुल्क निःशुल्क गरिने छ ।

४) विरामी लाने लैजाने प्रयोजनका लागि नगरपालिकाको एम्बुलेन्स उपलब्ध हुनेछ ।

५) निःशुल्क उपलब्ध हुने बाहेक थप औषधी आवश्यक परेमा विरामीको तर्फबाट व्यहोर्नु पर्नेछ ।

## परिच्छेद– ४
## बजेट ब्यबस्थापन

**७. बजेट लेखा तथा लेखा परीक्षण :** उपचार केन्दमा उपलब्ध हुने सम्पूर्ण बजेटको प्रचलित कानुन बमोजिम लेखा राख्ने तथा लेखा परिक्षण गराउने जिम्मा दमक नगरपालिकाबाट तोकीएको कर्मचारीबाट हुनेछ ।

**८. कोभिड उपचार केन्द्र संचालन कोष :** कोभिड १९ संक्रमित भई उपचार गराउदा आबश्यक पर्ने भौतिक सामग्री तथा आर्थिक ब्यबस्थापन गर्न उपचार केन्द्रको बेग्लै कोष खडा गरिने छ  र सो कोषको संचालन दमक

अस्पताल मे.सु. र दमक अस्पताल हेर्ने लेखा शाखा कर्मचारीको संयुक्त दस्तखतबाट गरिने छ साथै सो कोषमा देहाय बमोजिमबाट प्राप्त अनुदान जम्मा गरी संचालन गरिने छ ।

क) नेपाल सरकारबाट प्राप्त अनुदान,

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम,

ग) दमक नगरपालिका तथा अन्य स्थानीय तहबाट प्राप्त हुने रकम,

घ) सरकारी तथा गैर सरकारी संघ सस्थाहरुबाट प्राप्त हुने रकम,

ङ) बिभिन्न दाताहरुबाट प्राप्त हुने रकम ।

९. **जिन्सी व्यवस्थापन** : मन्त्रालयबाट खरिद गरी उपचार केन्द्रलाई प्राप्त भएका अन्य निकायबाट फिर्ता हुने गरी तथा अनुदानको रुपमा उपचार केन्द्रलाई प्राप्त भएका खर्च भएर जाने तथा खर्च भएर नजाने जिन्सी सामग्रीको छुट्टा छुट्टै अभिलेख राखि ब्यबस्थापन गर्ने कार्य दमक अस्पतालबाट तोकीएको कर्मचारीले गर्ने छ ।

१०. **जिन्सी व्यवस्थापन सम्बन्धी बिशेष व्यबस्था** : १) अस्पतालले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका साथै कुनै ब्यक्ति वा राष्ट्रिय, अन्तराष्ट्रिय तथा गैर सरकारी संस्थाबाट उपचार प्रक्रियाको आवश्यक पर्ने स्वास्थ्य उपकरण तथा सामग्री लगायत कुनै पनि प्रकारको जिन्सी सामग्री प्राप्त गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम जिन्सी सामग्री प्राप्त गर्दा सो को स्वामित्व सामग्री प्रदान गर्ने दाताले गरिएको सामग्रीको स्वामित्वका सम्बन्धमा कुनै शर्त तोकेमा सोही बमोजिम र अन्य अबस्थामा दमक नगरपालिकाको हुनेछ ।

## परिच्छेद– ५
## समिति सम्बन्धी व्यबस्था

**११. समितिको गठन :** उपचार केन्द्रको संचालन तथा व्यबस्थापनका लागि मार्गनिर्देश गर्न नगर प्रमुख उप प्रमुखको संरक्षकमा एक दमक कोभिड उपचार केन्द्र संचालन तथा व्यवस्थापन समिति देहाय अनुसार रहनेछ :

| | |
|---|---|
| क) दमक अस्पताल ब्यवस्थापन समितिका अध्यक्ष वा निजले तोकेको ब्यवस्थापन समितिको सदस्य - | संयोजक |
| ख) दमक अस्पताल ब्यवस्थापन समितिका सदस्य मध्येबाट संयोजकले तोकेको १ जना - | सदस्य |
| ग) अस्पताल रहेको वडाको अध्यक्ष - | सदस्य |
| घ) दमक नगरपालिकाका वडा अध्यक्ष वा कार्यपालिका सदस्य मध्येबाट नगर कार्यपालिकाले तोकेका पदाधिकारी २ जना - | सदस्य |
| ङ) दमक अस्पतालका मे.सु. - | सदस्य |
| च) इलाका प्रशासन कार्यालय प्रमुख - | सदस्य |
| छ) दमक इलाका प्रहरी कार्यालय प्रमुख - | सदस्य |
| ज) आम्दा अस्पतालका मे.सु. वा निजले तोकेको चिकित्सक १ जना - | सदस्य |
| झ) दमक अस्पतालका मे.सु. ले तोकेको फिजिसियन र एनेथेसिया चिकित्सक २ जना - | सदस्य |
| ञ) दमक उद्योग बाणिज्य संघ अध्यक्ष वा निजले तोकेको प्रतिनिधी १ जना - | सदस्य |
| ट) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी - | सदस्य |
| ठ) दमक रेडक्रस उप शाखाका अध्यक्ष वा निजले तोकेका प्रतिनिधी १ जना - | सदस्य |

ड) हसे दुम्से वन उपभोक्ता समिति अध्यक्ष वा
निजले तोकेको प्रतिनिधी १ जना - सदस्य

ढ) दमक नगरपालिका स्वास्थ्य शाखाको प्रतिनिधी - सदस्य

ण) दमक अस्पतालको प्रसासन हेर्ने कर्मचारी - सदस्य सचिव

**१२. समितिको काम , कर्तब्य तथा अधिकार : १)** समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छ :

(क) उपचार केन्द्रको लागि आबश्यक स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको संख्या एकिन गर्ने ।

(ख) दफा ३ को उपदफा (३) बमोजिमको परिस्थितिमा उपचार केन्द्रमा आबश्यक संख्यामा शैया थपका लागि दमक नगरपालिका समक्ष सिफारिस गर्ने ।

(ग) उपचार केन्द्रमा हुने उपचार प्रक्रियामा केहि समस्या आएमा त्यसको सामाधानका लागि आबश्यक पहल गर्ने ।

(घ) उपचार केन्द्र संचालनका लागि आबश्यक बजेट उपलब्ध गराउन नेपाल सरकार, प्रदेश सरकार र दमक नगरपालिका तथा अन्य दातृ निकाय सँग समन्वय गर्ने ।

(ङ) उपचार केन्द्र संचालन प्रक्रियाको नियमित अनुगमन गरी सेवाको गुणस्तरीयता कायम गर्न आबश्यक निर्देशन दिने ।

(च) उपचार केन्द्र संचालन क्रममा आउने अन्य बिबिध समस्याको समाधान गर्न आबश्यक समन्वय तथा पहल गर्ने ।

(छ) उपचार केन्द्रको भौतिक पूर्वाधार, सामग्री, उपकरण र औषधी व्यवस्थाका लागि पहल गर्ने ।

(ज) उपचार केन्द्रको भौतिक सम्पत्तिको सुरक्षा र संरक्षणको व्यवस्था मिलाउने।

२) समितिले आवश्यकता अनुसार उप समिति बनाई कार्य सम्पादन गर्न सक्नेछ ।

**१३. समितिको बैठक** : १) समितिको बैठक आबश्यकता अनुसार बस्नेछ ।

२) समितिले आफ्नो बैठकमा आबश्यकता अनुसार चिकित्सक, बिज्ञ, कर्मचारी तथा अन्य ब्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

३) समितिको बैठक सम्बन्धी कार्यबिधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४) समितिको बैठकमा ५० प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिने छ ।

**१४. सल्लाहकार तथा अनुगमन समिति :** १) उपचार केन्द्र संचालनका लागि सल्लाह, सुझाब एवम् रेखदेख गर्न नगर प्रमुखको संयोजकत्वमा वढीमा ९ जना स्थानीय राजनैतिक दल तथा समाजसेवीहरु रहेको एक सल्लाहकार तथा अनुगमन समिति गठन गर्नेछ ।

२) समितिको सदस्य सचिबको कार्य प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

**१५. बाधा अडकाउ फुकाउ :** उपचार केन्द्र संचालनका सम्बन्धका क्रममा आउने कुनै पनि किसिमको बाधा अड्काउ यस निर्देशिका तथा प्रचलित कानूनको अधिनमा रही दमक नगरपालिकाले फुकाउन सक्नेछ ।

२) यो कार्यबिधिको आबश्यक संशोधन तथा खारेजी गर्ने अधिकार दमक नगरपालिका कार्यपालिकामा निहित रहनेछ ।

## अनुसूची-१

## अस्पताल संचालनका लागि जनशक्ति ब्यबस्थापन  गर्दा हुन आउने अनुमानित खर्च बिबरणः

### जोखिम तथा अन्य भत्ता :

| पद | कोभिड भत्ता प्रति दिन रु. | संख्या | खाना तथा खाजा भत्ता (दिनमा मात्र) रु. | नाइट खाना तथा खाजा भत्ता रु. |
|---|---|---|---|---|
| बिशेषज्ञ चिकित्शक | १,५००/- | १/२ | | |
| मे.अ. | १,२००/- | २ | ३००/- | ४००/- |
| नर्सिङ वा पारामेडिक्स | ८००/- | ६ | ३००/- | ४००/- |
| का.स. | ५००/- | ३ | ३००/- | ४००/- |
| ड्राइभर | ५००/- | ३ | ३००/- | |
| स्वीपर | ५००/- | १ | ३००/- | |
| सुरक्षा कर्मी | | ३ | ३००/- | ४००/- |
| व्यवस्थापन कर्मचारी | ८००/- | २ | ८००/- | |

### तलब

| पद | संख्या | शुरु तलब रु. |
|---|---|---|
| मे.अ | २ | ४०,५४०/- |
| स्टाफ नर्स | २ | २८,२००/- |
| का.स. | ३ | १९,२००/- |

**अस्पताल संचालन गर्न आबश्यक सामाग्रीहरु**

पि.पि.इ दिनको ३/५ सेट दिनमा = रु.९,०००।-
माक्स N 95 १५ पिस दिनमा = रु ७५०
अक्सिजन आबश्यकता अनुसार = २० वटा सिलिन्डर(प्रति सिलिन्डर रु. ६००/- भर्ने खर्च)
औषधी = आवश्यकता अनुसार

**अन्य आबश्यक सरसामाग्रीहरु**

साबुन, झाडु, पोचा, सर्फ, भाइरेक्स, हरपिक, डसपिन, कालो पोलेथिन ब्याग,चप्पल, बुट, डट पेन, पेपर, फाइल, स्टेपलर, पिन, आलपिन, मोबाइल, सिम = २ सेट
फोहोर ब्यबस्थापन खर्च =
इन्धन तथा बैकल्पीक बिजुलीको ब्यबस्था
खाने पानीको ब्यबस्था
कर्मचारीहरुका लागि बेडिङ्गको ब्यबस्था
किचन सेट = १

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**